# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं कार्तिक २५ गते ०१ साल


## भाग ३

## उद्योग वाणिज्य, खाद्य र सिभिल सप्लाइजविभागको विज्ञप्ति

कपडाको बजारको परिस्थिति सुध्रिंदै आएको हुँदा अनुभवको निमित्त अघि आई मोल निर्धारित भई रहेको कपडा र आजसम्म आइसकेको औ आउने कोटा र एक्सपोर्ट बेसीसका कपडाको मोल निर्धारण नगराई आफूखुशी बिक्री गराउने सरकारले नीति अपनाएको हुँदा सदर भन्सार गडी गोस्वारासमेतको नाउँमा आइरहेको र अब आउने कोटा र एक्सपोर्ट बेसीसको कपडासमेतमा मोल निर्धारण गरिरहनुपर्दैन । लेखिएबमोजिमको र अघि आई मोल निर्धारित भई रहेको कपडासमेत महाजनले आफूखुशी बिक्री वितरण गर्न पाउने गरी दिनू भन्ने आदेश भै गएकोले कपडा पैठारी गर्ने महाजनसमेत सर्वसाधारणलाई थाहा होस भन्ना निमित्त यो सूचना प्रकाश गर्ने काम भएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अब कपडा पैठारी गरी ल्याएका र ल्याउने महाजनहरुले अबउप्रान्तलाई आफूले पैठारी गरी ल्याएको कपडाको सरकारतर्फबाट मोल निर्धारित नगराई र अघि मोल निर्धारण भएको कपडा बाँकी हुने महाजनहरुले समेत सो कपडाहरू आफूखुशी मोलमा सकभर कम नफा लिई जनतामा बिक्री वितरण गर्ने काम गर्नुहोला। कदाचित् भारतमा कपडाको मोल घटेअनुसार हाम्रो बजारहरुमा कपडाको मोल नघटेमा सरकारले उचित कारवाई गरी घटाउन लगाउने अवस्था आइपरोइन भन्ने आशा राखिएको छ।

सेक्रेटरी,
उद्योग र वाणिज्यविभाग.

## उद्योगविभागको
## सूचना

( श्रीराम टी एण्ड एग्रिकल्चर कम्पनी लि. का सदस्यहरुलाई )

श्रीराम टी एण्ड एग्रिकल्चर कम्पनी लिमिटेड वर्षौं पहिले यस विभागबाट रजिष्टर भई गए तापनि कानूनबमोजिम गर्नुपर्ने कारवाई नगरी खारेज हुने अवस्थामा पुगेको हुनाले यो सूचना प्रकाशित गर्ने काम भएको छ। कम्पनी खारेज हुने भएकोले कम्पनी कानूनको २५ दफाबमोजिम शेयरहोल्डरहरुको रुपैयाँ सयकडा सात व्याजसहित फिर्ता दिनू भनी मैनेजिङ्ग डाइरेक्टरलाई आदेश गइसकेको छ। यसमा कसैलाई केही उजुरी पेश गर्नुछ भने यो सूचना प्रकाशित भएको १४ दिनभित्रमा यस विभागमा पेश गर्नुपर्छ। यस म्यादभित्र कुनै उजुरी पेश भएन भने वा पेश भए तापनि मुनासिब ठहरिएन भने कम्पनी स्वतः खारेज भएको मानिनेछ।

डाइरेक्टर,
उद्योगविभाग.

९५०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# सिभिल सप्लाइजविभागको

## सूचना

सरकारबाट जनहितको लागि सबैले सुविस्ताको साथ खरिद गर्न पाउन् भन्ने हेतुले मट्टितेल र पेट्रोलमा कन्ट्रोल हटाई निर्धारित मोलमा बिक्री गर्ने गराउने प्रबन्ध भैरहेकोमा केही स्वार्थीहरूले निर्धारित मोलभन्दा बढीमा मट्टितेल पेट्रोल बिक्री गरी फाइदा उठाइरहेछन् भन्ने बुझिन आएकोले सूचित गरिन्छ कि कालोबजार बढाई जनतालाई पीर मर्का पारी अनुचित फाइदा उठाउनेहरूउपर सरकारबाट कडा कारवाई गरिनेछ। तसर्थ निर्धारित मोलभन्दा बढी दाममा खरिद बिक्री गरेकोमा सरकारी पुलीस इन्सपेक्टरबाट पक्राउ हुनआएमा मालसमेत जफत भई ऐन सवालबमोजिम सक्त कारवाई हुनेछ।

डाइरेक्टर,
सिभिल सप्लाइजविभाग.

## सूचना

१९५२ सन्‌का कोटाको नेपाल भरमुलुकको निमित्त हिन्दुस्थानबाट आउने भएको चिनी टन १५०० मध्ये पूर्व पश्चिम १।१ नं. र सरहद ४ मन्ज्याङभित्रका जनताको निमित्त सेकेन्ड क्वाटरको आउने चिनी टन् ४०० को नियुक्त भएका होलसेलरहरूमध्ये तपसीलका होलसेलर जवान ४ ले लाइसेन्स नउठाएकोले निजहरूलाई कन्ट्रोल अड्डाबाट र यस विभागबाटसमेत खबर गर्दा कुनैले पुर्जी बुझी लिएको र कुनैको घर पत्ता लागे पनि मानिस फेला परेन भनी धेरै पटक पिउनहरू फर्किआएको हुनाले यो सूचना प्रकाश गरेको छ। यो सूचना प्रकाश भएका मितिले २ दिनभित्र अघि यसबारे प्रकाश भएका सूचनाबमोजिम जो चाहिने धरौटी र लाइसेन्स दस्तुरसमेत दाखिल गरी कबूलियत गरी लाइसेन्स लिन आउनु-

१५१

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

होला। सो म्यादसम्ममा पनि लाइसेन्स नउठाउनेलाई भएको आडर आदेश ऐन सवालबमोजिम हुनेछ। पछि केही उजुर लाग्नेछैन।

तपसील

| | | |
|---|---|---|
| खुबलालराम, पन्नालाल कानु का. इ. इन्द्रचोक | — — | १ |
| ख. तुलसीमान श्रेष्ठ का. इ. फोछ्रेटोल | — — — | १ |
| दुर्गाप्रसाद उपाध्याय का. इ. विशालनगर | — — — | १ |
| कन्हैयालाल, ब्रिजकिशोर कलुवार का. इ. मखनटोल | — | १ |

डाइरेक्टर,
सिभिल सप्लाइजविभाग.

गोरखापत्र छापाखानाबाट प्रकाशित

९५२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार